# गौमुखी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
पुजा ,प्यूठान
लुम्बिनी प्रदेश नेपाल

प.सं.:२०८१/०८२
च.नं.:

**माटो परीक्षण शिविर संचालन सम्बन्धी सूचना !!!**

**प्रथम पटक प्रकाशित मितिः २०८२।०१।२४**

**सूचना नं.** ४७/२०८१/०८२

यस गौमुखी गाउँपालिकाको आ.व २०८१/०८२ को वार्षिक स्वीकृत निःशुल्क माटो परिक्षण (माटो जाँच) शिविर कार्यक्रम सञ्चालन गर्न लागिएको हुँदा सम्बन्धित सबै कृषकहरुमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । माटो परीक्षण गराउन ईच्छुक कृषकहरूले आफ्नो खेतबारीको माटोको नमुना संकलन गरी ७ दिन भित्र गौमुखी गाउँपालिका कृषि सेवा शाखामा ल्याई उपस्थित हुन सबैमा सूचित गरिन्छ। साथै माटोको नमुना लिदा तपशिल बमोजिमको विवरण खुल्नेगरी लिनुपर्ने छ ।

**तपसिलः**

१. कृषकको नाम र सम्पर्क नं.
२. ठेगाना
३. नमुना लिएको मितिः
४. नमुना सङ्कलन गर्नुभन्दा पहिले लगाइएको वालीः
५. माटोको नमुना सङ्कलन गरिएको जमिनमा सिचाई को सुविधा रहेको/नरहेकोः
६. माटोको नमुना सङ्कलन भएको जमिनमा पानीको निकास सुविधा रहेको / नरहेकोः
७. मल खादको प्रयोग गरिएको मात्राः
८. नमुना सङ्कलन गरेको जमिनमा लगाइएका वाली मा देखिएको समस्याः
९. नमुना सङ्कलन गरिएको जमिन खेत वा वारीः

**नोटः** माटोको नमुना संकलन गर्ने तरिका यसै सूचना साथ संलग्न गरिएको छ । थप जानकारीको लागि, ९८५७८७७६२८, ९७६५२७८२१९ मा सम्पर्क गर्न सक्नुहुने छ ।

२०८२।०१।२८


तुल्सीराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत


तुल्सीराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# माटोको नमुना संकलन गर्ने तरिका

## अन्न र तरकारी बालीको लागि


एकै प्रकारको माटो (जस्तै रङ्ग, बनावट, भिरालो पना आदि) भएको जमिनबाट १ वटा नमुना तयार गर्ने ।





एउटा माटोको नमूना तयार गर्न १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट माटोको नमूना लिनु पर्दछ ।


प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो 'V' आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने ।







सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिसाउने ।

यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, भारपात जस्ता अनावश्यक चिजहरूलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने ।







बाँकि रहेको २ भाग माटोलाई फेरी राम्रोसँग मिसाएर पूनः ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने। यो क्रम माटोको नमूना करिब १/२ के.जी. नभएसम्म दोहोर्याउने । आधा के.जी. माटोलाई उल्लेखित विवरण लेखि प्रयोगशालामा पठाउने ।

## फलफूल बालीको लागि

फरक किसिमका माटो (जस्तै रङ्ग, बनावट, भिरालोपना आदि) भएको जमिनबाट छुट्टा छुट्टै नमूना तयार पार्ने ।






छनोट गरीएको जमिनबाट १ रोपनीबाट कम्तिमा एक वटा ३ फिट गहिराईको खाडल खन्ने । माटोको नमूना लिने खाडलको एक तर्फको भित्तामा माथिबाट तल तर्फ १, २, र ३ फिट गहिराईमा चिनो लगाउने ।

चिनो लगाएको भित्ताबाट छुट्टा छुट्टै भाडाँमा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमूना संकलन गर्ने ।




यसरी छुट्टा छुट्टै संकलन गरेको माटो प्रत्येकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाँकि राख्ने र यो क्रम माटो १/२ के.जी. नभएसम्म दोहोर्याउने ।




यसरी तयार गरेको माटोलाई सफा प्लाष्टिकको थैलोमा राखि कृषकको नाम, ठेगाना, खेतको विवरण जमिनका गहिराई खुलाई नजिकको माटो परिक्षण प्रयोगशालामा लैजाने ।

### माटोको नमुना परीक्षण गर्न पठाउँदा निम्न विवरण हुनु पर्दछ:

नामथर:

ठेगाना:

खेतबारीको किसिम:

लगाउने बाली:

मिति:

जमिनको गहिराई: